नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय

मानवश्रोत विकास विभाग

(भर्ना तथा छनौट शाखा) हलचोक, स्वयम्भू काठमाण्डौ ।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७४/०४/३१ गते, विज्ञापन नंम्बरः ०२(०७४/०७५)

श्री सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समुह साधारण उपसमुहतर्फ **सशस्त्र प्रहरी जवान** र **सशस्त्र प्रहरी परिचर** पदमा खुला प्रतियोगिताद्वारा पदपुर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु १०/- को टिकट टांसी (स्वयम् उपस्थित भई) दरखास्त आह्वान गरिन्छ ।

१. **दरखास्त लिने मितिः-** २०७४/०४/३१ गते, बिहान १०:०० बजे देखि २०७४/०५/२८ गते, १७:०० बजे सम्म ।

२. **सम्पर्क मितिः-** २०७४/०५/३० गते, बिहान ११:०० बजे फाराम दर्ता गरेको सम्बन्धित कार्यालयमा ।

३. **दरखास्त फाराम बुझाउने स्थानहरुः-**

(क) **साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी जवान पदको लागि निम्न कार्यालयहरु,**

| सि.नं. | कार्यालय | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भू काठमाण्डौ । | ०१-४३०१५०७ |
| २. | पुर्व क्षेत्रीय सशस्त्र प्रहरी बल, नेपाल मुख्यालय, बराह बाहिनी पकली, सुनसरी । | ०२५-५८३२६६ |
| ३. | मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल, नेपाल मुख्यालय, रुद्र बाहिनी पथलैया, बारा । | ०५३-५२०९८१ |
| ४. | मध्य पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल, नेपाल मुख्यालय, महेश्वरी बाहिनी, सुर्खेत । | ०८३-४१२०९४ |
| ५. | सुदुर पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल, नेपाल मुख्यालय, बैद्यनाथ बाहिनी अत्तरिया, कैलाली । | ०९१-५५०४७० |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल तालिम महाविद्यालय लामापाटन, पोखरा । | ०६१-४३१३४२ |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल युक्ति तालिम महाविद्यालय बर्दघाट, नवलपरासी । | ९८५१२७२०६१ |
| ८. | सशस्त्र प्रहरी बल, नेपाल तालिम केन्द्र नौबस्ता, बाँके । | ९८५१२७२०६३ |

(ख) **साधारण समूह, साधारण उपसमूहतर्फ सशस्त्र प्रहरी परिचर (बिभिन्न ट्रेडहरु) पदको लागि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक ।**

४. **नियुक्ति हुनको लागि आवश्यक योग्यताः**

| सि.नं. | दर्जा | उमेरको हद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|
| १. | सशस्त्र प्रहरी जवान | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पुरा भई २२ बर्ष ननाघेको | क. कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको,<br>ख. पुरुषको लागि कम्तीमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तीमा पाँच फिट उचाई भएको,<br>ग. पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको लागि नपर्ने),<br>घ. आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको,<br>ङ. पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको,<br>च. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>छ. प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>ज. आफुले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>झ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>ञ. दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>ट. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>ठ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>ड. मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>ढ. नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |

| | | | |
|---|---|---|---|
| २. | सशस्त्र प्रहरी परिचर (ट्रेडहरु सबै) | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको । | क. साधारण लेखपढ गर्न जानेको,<br>ख. पुरुषको लागि कम्तीमा पाँच फिट र महिलाको लागि कम्तीमा चार फिट दश ईन्च उचाई भएको,<br>ग. अन्य योग्यताको हकमा सशस्त्र प्रहरी जवान पदको (ग) देखि (ढ) सम्मको योग्यता पुरा भएको । |

**नोटः** सशस्त्र प्रहरी परिचर पदको आधारभुत तालिम प्राप्त विभागीयहरुको हकमा प्रथम पटक विज्ञापन प्रकाशित मितिमा ३० (तिस) बर्ष उमेर पुरा नभएसम्म सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पुर्ति हुने सशस्त्र प्रहरी जवान पदको लागि उम्मेदवार हुन सक्नेछन् ।

**५. आवश्यक पद संख्याः**

| पद | खुला | समावेशी | | | | | अमर/अशक्त स.प्र.क. सन्तती | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | | |
| सशस्त्र प्रहरी जवान | १२१९ | २०७ | ३३१ | २९० | १५५ | ५२ | ४६ | २३०० |
| सशस्त्र प्रहरी परिचर (भान्छे) | ५७ | १० | १५ | १३ | ७ | २ | १ | १०५ |
| सशस्त्र प्रहरी परिचर (केश कर्तक) | १४ | २ | ३ | ३ | २ | १ | - | २५ |
| सशस्त्र प्रहरी परिचर (सुचिकार) | ८ | २ | २ | २ | १ | - | - | १५ |
| सशस्त्र प्रहरी परिचर (चर्मकर्मी) | ११ | २ | ३ | ३ | १ | - | - | २० |
| सशस्त्र प्रहरी परिचर (कुचिकार) | १९ | ३ | ५ | ५ | २ | १ | - | ३५ |

**६. राजश्व दस्तुरः**

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | स.प्र.ज. र स.प्र.प. | दरखास्त बुझाउदा **रु १००। -(एक सय)** बुझाउनु पर्ने छ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्नेछ । |

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ :**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ प्रति ।

(ग) आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १/१ प्रति ।(साधारण समुह, साधारण उपसमुहतर्फ सशस्त्र प्रहरी जवान पदको लागि आठ कक्षा उत्तीर्ण गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ)

(घ) आदिवासी/जनजातीका लागि नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाती भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।

(ङ) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानिय निकायको प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।

(च) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।

(छ) पिछडिएका क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको र सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त दिँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस सक्कल प्रति ।

८. **परीक्षा बिधि :**

(क) प्रारम्भिक शारीरिक परिक्षण (ख) शारीरिक सहिष्णुता परीक्षा (ग) विस्तृत स्वास्थ्य परिक्षण

(घ) लिखित परीक्षा (स.प्र.प.को हकमा नपर्ने र **सशस्त्र प्रहरी जवानको लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ)**

(ङ) प्रयोगात्मक परीक्षा (स.प्र.प.को हकमा) (ङ) विशेष स्वास्थ्य परीक्षण (च) अन्तर्वार्ता

**पुनश्च**

(क) हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।

(ख) परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फ उम्मेदवारहरु बिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पद पुर्ति गरिने छ ।

(ग) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसार क्रममा गरिने छ ।

(अ) खुला (आ) महिला (इ) आदिवासी/जनजाती (ई) मधेसी

(उ) दलित (ऊ) पिछडिएको क्षेत्र (ए) अमर/अशक्त स.प्र.क. सन्तती

(घ) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयवाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तालिम गर्नुपर्नेछ ।

(ङ) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन नहुँदा सम्म रिक्त हुन आएका पद समेत यसै बिज्ञापनमा समावेश गर्न सकिने छ ।

(च) दरखास्त फाराम सशस्त्र प्रहरी बल, नेपालको **website: www.apf.gov.np** बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्रहरु राखी तोकिएको स्थानमा बुझाउन सकिने छ ।

(छ) दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमानै ल्याउनु पर्नेछ ।

(ज) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।

(झ) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

**नोटः-** उम्मेदवारहरुले आगामी परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट ***www.apf.gov.np*** बाट तथा नेपाल टेलिकमको ***SMS*** सेवा मार्फत ***RCT<Space>*** **दर्ता नं.** टाईप गरी १११४ मा ***SMS*** गरी जानकारी लिन सकिनेछ । तर प्राविधिक कारणबस नतिजा बाझिन गएमा आधिकारीक पत्रद्वारा प्रकाशित सूचनानै मान्य हुनेछ ।

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट शाखा
हलचोक काठमाण्डौ ।